नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
🖷 ०८७-५२०१८०

मिति : २०७८/०४/१८

## जुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारीद्धारा जारी आदेशको निरन्तरता !

हाल पुन: विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरस कोभिड -१९ नँया भेरियन्ट सहितको दोस्रो लहरको सक्रमण तथा रोगका कारण मृत्यु हुने संख्या दिनानुदिन तिब्ररुपमा बढिरहेको अवस्था छ । नेपालमा पनि नँया भेरीयन्ट सहितको तिब्र संक्रमण र उक्त रोगवाट मृत्यु हुने संख्या दिन प्रतिदिन वृद्धि भएको छ । जुम्ला जिल्लामा पनि कोरोना भाईरसको संक्रमणको परीक्षण गर्ने क्रममा संक्रमितको दर निरन्तर वृद्धि भई समुदायस्तरमा अझै व्यापक फैलिन गएको हुँदा तत्काल तीव्र संक्रमणको साङ्लो तोड्न ( चेन ब्रेक) गरी आम जनसमुदायमा जनस्वास्थ्य प्रति संवेदनशील रही कोभिड -१९ को जोखिम न्यूनीकरण, रोकथाम तथा नियन्त्रण र यसको तिब्र संक्रमण फैलिन नदिनको लागि आम जनसुदायको चासो, चिन्ता रहेको साथै जनताको जिउ ,धनको सुरक्षा गर्ने राज्यको अहम दायित्वलाई दृष्टिगत गरी जिल्ला कोभिड- १९ संकट व्यवस्थापन समितिको मिति २०७८/०४/१८ गते बैठकको निर्णयको सिफारिस एवं जिल्ला सुरक्षा समितिको मिति २०७८।०४।१८ गतेको निर्णायानुसार मिति २०७८।०४।१८ गते राती १२ बजे देखि मिति २०७८/०४/३२ गते राती १२ बजे सम्मका लागी निषेधाज्ञा पूनः जारी गरिएको छ। हालसम्म जिल्ला प्रशासन कार्यालय जुम्लावाट जारी आदेश र सूचना पालना गर्नु / गराउनु भएकोमा सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक कृतज्ञता समेत व्यक्त गर्दछौ साथै निषेधाज्ञा अवधिमा निम्नानूसार आदेश पालना गर्न गराउन हुन समेत अनुरोध छ।

### क) निषेधाज्ञा अवधीमा गर्न नपाईने कार्यहरू:-

१. सबै प्रकारका सभा सम्मेलन, तालिम, सेमिनार, गोष्ठी तथा मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न गराउन नपाईने।
२. अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर, हिडडुल तथा आवत जावत गर्न नपाईने।
३. खुला स्थानमा मानिसहरूको भेला तथा भिडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, पिकनिक तथा भोजभतेर गर्न नपाईने।
४. विवाह, ब्रतवन्ध सामुहिक रूपमा गरिने संस्कारजन्य कार्यमा बढीमा ७ जनासम्म सहभागी भई र जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पुरा गरी घर वा आफू बसेको स्थानमा आयोजना गर्न पाइने तर बाहिर अन्यत्र स्थानमा कार्यक्रम सञ्चालन गर्न/ गराउन नपाईने।
५. शैक्षिक संस्थाहरू (विद्यालय, कलेज,ट्यूसन सेन्टर, तालिम केन्द्र) हरूमा भौतिक उपस्थिति भई पठनपाठन गर्न/ गराउन नपाईने।
६. पुजारीबाट नित्य पूजा बाहेक सम्पुर्ण धार्मिक तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्न/ गराउन नपाईने।
७. अत्यावश्यक उपभोग्य वस्तुहरूको आपूर्तिमा कृत्रिम अभाव देखाई मूल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा अवरोध गर्ने व्यक्ति वा समूहलाई तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारवाही गरिने।
८. जिमखाना, कभर्डहल, फूटसल, पुल हाउस, सैलुन र व्युटीपालर लगायतका मानिसहरूको भिडभाड तथा अधिक सम्पर्क हुने व्यवसाय तथा कार्यहरू सञ्चालन गर्न नपाईने।

### ख) निषेधाज्ञा अवधिमा गर्न पाईने कार्यहरू:-

१. औषधी पसल एवं स्वास्थ्य सामाग्रीका पसलहरू निर्वाध रूपमा सञ्चालन गर्न पाइने।
२. अनिर्वाय रूपमा मास्क लगाउने, बेला बेलामा साबुन पानी वा सेनिटाइजर प्रयोग गर्ने र कम्तिमा २ मिटर सामाजिक दुरी कायम गर्ने।
३. दैनिक उपभोग्य खाद्यान्न सामाग्री, लत्ताकपडा, हार्डवेयर, इलोक्ट्रोनिक , स्टेशनरी, प्रिन्टिंग/ प्रेस, तरकारी, फलफूल, दुग्ध तथा डेरी, माछा, मासु र कृषी सामाग्री वेचविखन गर्ने पसलहरू विहान ६ बजे देखि ४ बजे सम्म मात्र खुला गर्न पाइने।
४. विकास निर्माणका गतिविधि सूचारू गर्न निमार्ण सामाग्री बोकेका सवारी साधन जनस्वास्थ्यका मापदण्ड पालना गरी एक (१) जना चालक र १(एक) जना सहचालक रहने गरी सञ्चालन गर्न पाइने।
५. बैंक तथा वित्तिय संस्थाको हकमा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गरी नेपाल राष्ट्र बैंकको निर्देशानुसार सेवा सूचारू गर्ने व्यवस्था मिलाउने।
६. होटेल, खाजा घर, चिया पसल तथा रेष्टुरेण्ट जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी टेकवेय(Take Way) सेवा सञ्चालन गर्न सकिने।
७. जिल्ला स्थित सरकारी कार्यालयहरूले आफ्नो सेवाहरू सञ्चालन गर्दा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने।
८. हाल कृषि लगायतका गतिविधि सञ्चालन हुने समय भएको हुँदा सकभर सम्बन्धित समुदायका मानिसहरू मात्र परिचालन गरी जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड परिपालना गरी सञ्चालन गर्ने/ गराउने।
९. अनिवार्य मास्क लगाउने,बेला बेलामा साबुन पानीले हाल धुने वा सेनिटाइजर प्रयोग गर्ने।

२०७८।४।१८

प्रमुख जिल्ला अधिकारी

१०. विकास निर्माण कार्य सञ्चालन गर्दा जनस्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण पालना गरी बढीमा १० जनासम्म कामदार परिचालन गरी कामदारहरूलाई परियोजना/ निमार्ण स्थलभित्रै बसोबासको व्यवस्था मिलाएर विकास निर्माण कार्य संचालन गर्ने, गराउने।

११. मध्यम तथा लामो दुरीका सार्वजनिक यात्रु वाहक सवारी साधन जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रूपमा पालना गरी यातायतका साधनहरू संचालन गर्ने ।

## ग) परिक्षा सञ्चालन सम्बन्धमा

१.लोकसेवा आयोग ,राष्ट्रिय परिक्षा बोर्ड तथा विश्वविद्यालय र CTVTबाट सञ्चालन हुने परीक्षा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट तोकिएका स्वास्थ्य तथा सुरक्षाका मापदण्ड अपनाई सरोकारवाला निकायसगँको समन्वय गरि सञ्चालन गर्ने ।

## घ) आन्तरिक सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा।

१. जिल्ला भित्र सञ्चालन हुने निजी तथा सार्वजनिक यातायातहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

२. सार्वजनिक यातायात सञ्चालन अवधिभर अनिवार्य रूपमा सेनिटाइजर,माक्स र सामाजिक दूरी लगायतका जनस्वास्थ्य तथा सुरक्षाका मापदण्डको पूर्ण रूपमा परिपालना गर्नु पर्ने ।

३. तोकिएको भाडा दर भन्दा बढी लिइएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने ।

## ङ) दायित्व तथा जिम्मेवारी:-

१. कोरोना रोकथाम तथा नियन्त्रण गर्न माथि उल्लेखित आदेशको पूर्ण परिपालना गर्न सबै नागरिकहरूको दायित्व र जिम्मेवारी हुनेछ ।

## च) कारवाही तथा सहजीकरण सम्बन्धमा:-

१.जिल्ला प्रशासन कार्यालय जुम्लाबाट अत्याश्यक कार्यको हकमा जस्तैः- मृत्यु संस्कार, विरामी उपचार तथा कुरूवाको लागि खटिनु परेमा सम्बन्धित स्थानीय तहको सिफारिश तथा आवश्यक कागजातहरू पेश गरेमा मात्र जिल्ला बाहिर यात्रा सहजीकरण तथा समन्वय गरिने ।

२. मजदुर, कामदार, स्वदेशी तथा विदेशी पर्यटक लगायत अन्य नागरिकहरू अलपत्र परेको खण्डमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय/ सहजीकरण गर्ने ।

३. निषेधाज्ञा अवधिभर जारी गरिएको आदेशहरूको उल्लंघन गरेमा जो सुकैलाई स्थानीय प्रशासन ऐन, २०२८ तथा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश,२०७८ बमोजिम कारवाही गरिने व्यहोरा सूचित गरिन्छ ।

..................
नन्दराम चौलागाई
नि. प्रमुख जिल्ला अधिकारी